# गुलरिया नगरपालिका

# स्थानीय राजपत्र

गुलरिया नगरपालिकाद्वारा प्रकाशित

वर्ष ५ गुलरिया, भाद्र ३१ गते,२०७८ साल

## भाग-२

**गुलरिया नगरपालिका नगरकार्यपालिकाको सुचना**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०७८/०५/३० मा जारि गरेको कार्यविधि सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ।

संवत २०७८ सालको कार्यविधि न. ३

**गुलरिया नगरपालिकाको स्वयम सेवक शिक्षक तथा बिद्यालय कर्मचारी अनुदान व्यवस्थापन कार्यविधि-**


**२०७८**

प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत

# गुल्लरिया नगरपालिकाको स्वयम सेवक शिक्षक तथा विद्यालय कर्मचारी अनुदान व्यवस्थापन कार्यविधि-२०७८

**प्रस्तावना**:नेपालको संविधान २०७२को धारा ३१उपधारा २ ले आधारभुत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क उपलब्ध गराउने र माध्यमिक तह सम्मको शिक्षा निशुल्क प्रदान गर्ने भनी सुनिश्चित गरेको र स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११(ज)ले आधारभुत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको संघीय सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले दरबन्दी मिलान गर्दा यस नगरपालिका लाई प्राथमिक तह देखि माध्यमिक तहसम्म कूल १४४ दरबन्दी थप गर्ने भनी तेरिज पठाएको तहगत रुपमा दरबन्दी कायम गरेको,कायम गरेको दरबन्दी पूर्ति गर्न संघीय सरकारले हालसम्म कुनै बजेटको व्यवस्था नगरेको विद्यार्थी संख्याको आधार र न्युनतम दरबन्दीको आधारमा समेत गुणस्तरीय शिक्षाका लागि नगरका विद्यालयमा शिक्षक दरबन्दीको आवश्यकता रहेको विद्यार्थीहरुबाट कुनै पनि प्रकारको शुल्क नलिने भएकोले विद्यालयलाई शिक्षक व्यवस्थापनका लागि अनुदान आवश्यक भएकोले गुलरिया नगरपालिकाको शिक्षा ऐन २०७५को दफा ५३को अधिकार प्रयोग गरी गुलरिया नगरपालिकाले नगर स्वयम सेवक शिक्षक तथा कर्मचारी व्यवस्थापन अनुदान लाई व्यवस्थितगर्नका लागि यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।



परिच्छेद १

प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम " **स्वयम सेवक शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन कार्यविधि-२०७८**रहेको छ ।

१.२ यो कार्यविधि गुलरिया नगरपालिकाभरे तुरन्त प्रारम्भ हुनेछ ।

परिच्छेद २

**२.परिभाषा**:विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१**शिक्षक** भन्नाले नगरपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी विद्यालय व्यवस्थापन समितिबाट नियुक्त हुने शिक्षक सम्झनुपर्छ । सो शब्दले प्रारम्भिक बालविकास केन्द्रमा नियुक्त शिक्षक समेतलाई बुझाउँदछ ।

२.२ **कर्मचारी** भन्नाले विद्यालयमा लेखा तथा कम्प्युटर सम्बन्धी कामकाज गर्न नियुक्त विद्यालय सहायकलाई सम्झनुपर्छ ।

२.३**अनुदान** भन्नाले नगरपालिकाले विद्यालयमा शिक्षक तथा कर्मचारी अभाव पूर्ति गर्न विद्यालयमा स्थायी दरबन्दी व्यवस्थापन नहुन्जेल सम्मका लागि मात्र उपलब्ध गराएको अनुदान रकम सम्झनुपर्छ ।

२.४**नगरपालिका** भन्नाले गुलरिया नगरपालिका सम्झनुपर्छ ।

२.५**नगरकार्यपालिका** भन्नाले गुलरिया नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

२.६**शिक्षा ऐन २०७५** भन्नाले गुलरिया नगरपालिकाले निर्माण गरेको शिक्षा ऐन २०७५ सम्झनुपर्छ ।

## परिच्छेद ३

## अनुदान उपलब्ध गराउने आधारहरु

३.नगरपालिकाले विद्यालयलाई अनुदान देहायबमोजिमका आधारमा उपलब्ध गराउनेछ ।

३.१ विद्यालयमा सञ्चालित तह र कक्षा,

३.२ विद्यालयमा भएको विद्यार्थी संख्या र विद्यालय सेवा क्षेत्र

३.३विद्यालयमा उपलब्ध दरबन्दी संख्या

३.४ विद्यालयमा पढाइ हुने विषयहरु

३.५विद्यालयमा सञ्चालित प्राविधिक धार

३.५नगर शिक्षा समितिले तोकेका अन्य आधारहरु

## परिच्छेद ४

४.न्यूनतम रुपमा विद्यालयमा देहायबमोजिम दरबन्दी हुने गरी शिक्षक अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

४.१ कक्षा १-३ सञ्चालित विद्यालयःन्युनतम ३ दरबन्दी

४.२ कक्षा १-५ सञ्चालित विद्यालयःन्युनतम ५ दरबन्दी

४.३ कक्षा ६-८सञ्चालित विद्यालयःन्युनतम ३ विषयगत दरबन्दी

४.४कक्षा ९-१० सञ्चालित विद्यालयःन्युनतम ४ विषयगत दरबन्दी

४.५ कक्षा ११-१२सञ्चालित विद्यालयःन्युनतम ३ विषयगत दरबन्दी

## परिच्छेद ५

## शिक्षक नियुक्ति प्रक्रिया

५.नगरपालिकाको अनुदान रकमबाट तलब भत्ता खाने गरी शिक्षक तथा कर्मचारी नियुक्ति गर्दा देहायबमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ ।

५.१ शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्न भनि विनियोजित बजेटलाई दरबन्दी नभएको वा दरबन्दी अपूग भएको विद्यालयमा शिक्षा समितिले विद्यालयको दरबन्दीको अवस्था र विद्यार्थी संख्याको मापदण्डका आधारमा आवश्यकता पहिचान गरी शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन गर्न सिफारिश गरिनेछ ।

५.२ स्वयम सेवक शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन गर्न सिफारिश गर्दा आधारभुत तह (कक्षा१-५)को लागि विद्यार्थी संख्या र विद्यालयको आवश्यकता र आधारभुत तह(कक्षा६-८)तथा माध्यमिक तह(कक्षा९-१२)को लागि विषयगत माग र विद्यार्थी संख्यालाई आधार मानिनेछ ।

५.३विद्यालयमा शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्न शिक्षा समितिको सिफारिश भए पश्चात शिक्षा युवा तथा खेलकुद शाखाबाट स्वयम सेवकशिक्षक नियुक्तिको लागि तह र विषय खोली अनुमति दिइनेछ ।

५.४ शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुमति लिइसकेपछि विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कम्तीमा १५ दिनको म्याद राखी विज्ञापन गर्नुपर्नेछ ।

५.५स्वयम शिक्षक तथा कर्मचारीको योग्यता र परीक्षा को पाठ्यक्रम प्रचलित कानुन अनुसार हुनेछ ।तर कर्मचारी भनि तोकिएको विद्यालय सहायक र विज्ञान शिक्षकको हकमा ३ पटक सम्म विज्ञापन गर्दा शिक्षण अनुमति पत्र भएको उम्मेदवार नआएको खण्डमा विना अनुमति पत्र भएको व्यक्तिले उम्मेदवारी दिना बाधा हुने छैन ।

५.६ विज्ञापन पश्चात गुलरिया नगरपालिका शिक्षा ऐन २०७५को दफा २१ बमोजिमको छनौट समितिले परीक्षा सञ्चालन गरी नियुक्तिको लागि सिफारिश गर्ने ।

५.७ यो कार्यविधि जारी हुनुभन्दा अगाडी नगरपालिकाले वा वडाले विनियोजन गरेको अनुदान रकमबाट नियुक्त गरेका स्वयम सेवक शिक्षकको हकमा यो परिच्छेद लागु हुने छैन ।

**परिच्छेद ६**

**विद्यालयमा अनुदान रकम निकासा गर्ने प्रक्रिया**

६. विद्यालयमा अनुदान निकासा गर्दा देहायबमोजिमका प्रक्रिया अपनाइनेछ ।

६.१ नगरपालिकाको अनुदान रकमबाट तलब भत्ता खाने स्वयम सेवक शिक्षक तथा कर्मचारीहरुको अभिलेखीकरण गरिनेछ ।

६.२स्वयम शिक्षक तथा कर्मचारीहरुको माग फाराम विद्यालयबाट संकलन गरिनेछ।

६.३स्वयम शिक्षकहरुको माग फारामसँगै नियुक्ति पत्रको प्रतिलिपि,हाजिरी प्रमाणित गरेको पत्र तथा विद्यालयको सिफारिश अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ ।

६.४ माग फारामको रुजु पश्चात विद्यालयको खातामा रकम निकासा गरिनेछ ।

**परिच्छेद ७**

**स्वयम सेवक शिक्षक तथा कर्मचारी अनुदान रकम**

७.स्वयम शिक्षक अनुदान रकम देहायबमोजिम उपलब्ध गराइनेछ ।

७.१ बालविकास शिक्षकको पारिश्रमिक मासिक रु १००००।–का दरले १३ महिना बराबरको
७.२ आधारभुत तह(कक्षा१-५)पारिश्रमिक मासिक रु १७०००।–का दरले १३ महिना बराबरको ।

७.३आधारभुत तह(कक्षा६-८)पारिश्रमिक मासिक रु १९०००।–का दरले १३ महिना बराबरको ।

७.४माध्यमिक तह(कक्षा९-१०)पारिश्रमिक मासिक रु २५०००।–का दरले १३ महिना बराबरको ।

७.५ माध्यमिक तह(कक्षा११-१२)पारिश्रमिक मासिक रु ३००००।–का दरले १३ महिना बराबरको ।

७.६ माध्यमिक तह(कक्षा ९-१२) कर्मचारी अनुदान पारिश्रमिक मासिक रु १५०००।–का दरले १३ महिना बराबरको।

७.७ बार्षिक एकपटक नेपालसरकारले तोके बमोजिमको पोशाक भत्ता समेत उपलब्ध गराइनेछ ।

**परिच्छेद ८**

**नगरपालिकाको अनुदान रोक्का वा बन्द गर्न सकिने**

८.विद्यालयमा उपलब्ध गराउने नगरपालिकाको अनुदान रकम देहायबमोजिमको अवस्थामा नगर शिक्षा समितिको सिफारिशमा नगरकार्यपालिकाले रोक्न वा बन्द गर्न सकिनेछ ।

८.१ स्वयम सेवक शिक्षक वा कर्मचारीको दरबन्दी स्थायी रुपमा सिर्जना वा पदपूर्ति भइ आएमा

८.२ संघ वा प्रदेश सरकारबाट शिक्षक वा कर्मचारीको व्यवस्थापनको लागि अनुदान प्राप्त भएमा

८.३ विद्यार्थी संख्या अनुसार दरबन्दी बढी भएमा विद्यालय मर्ज वा तह तथा कक्षा घटुवामा परेमा,

८.४ यस कार्यविधि अनुसार नियुक्त हुने वार्डका विद्यालयका लागि शिक्षक तथा कर्मचारी व्यवस्थापन हुने वडाले यस शिर्षकमा आवश्यक विनियोजन नगरेमा

८.५ नगर शिक्षा समितिले मनासिब ठहराएका अन्य आधारहरु

## परिच्छेद ९

## विविध

**९.कार्यविधि संशोधन**:यस कार्यविधिलाई आवश्यकता र औचित्यका आधारमा नगरपालिकाले संशोधन गर्न सक्नेछ ।

**९.१ खारेज र बचाउः** गुलरिया नगरपालिका शिक्षक नियुक्ति सम्बन्धी कार्यविधि,२०७५ ~~व्यवस्थापन कार्यविधि २०७५~~ खारेज गरि यो कार्यविधि जारी हुनुभन्दा अगावै विद्यालयमा नियुक्त नगर स्वयम सेवक शिक्षक यसै कार्यविधि बमोजिम व्यवस्थापन भएको मानिनेछ ।